**नेपाल सरकार**
**ऊर्जा मन्त्रालय**

ऊर्जा मन्त्रालयबाट स्वीकृत मिति: २०७४।०८।०६

## ग्रीड कनेक्टेड सौर्य विद्युत ऊर्जा विकास सम्वन्धी कार्यविधि

**पृष्ठभूमिः** यो कार्यविधि ग्रीड कनेक्टेड घरायसी (रुफटप)/ संस्थागत तथा व्यवसायिक सौर्य विद्युत ऊर्जा उत्पादन आयोजनाहरु तथा यस सँग सम्वन्धित प्रसारण लाइनलाई राष्ट्रिय ग्रीडमा जोडनको लागि तयार गरिएको हो। विद्युत नियमावली, २०५० को नियम ९४ क. ले दिएको अधिकार प्रयोग गरी ऊर्जा मन्त्रालयले यो कार्यविधि वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "ग्रीड कनेक्टेड सौर्य विद्युत ऊर्जा विकास सम्वन्धी कार्यविधि २०७४" रहेको छ।

(ख) यो कार्यविधी सौर्य विद्युत ऊर्जाको विकास गर्ने तथा नियमन गर्ने काम कारवाही वा निर्णय प्रकृयामा लागु हुनेछ।
(ग) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले आर्को अर्थ नराखेमा यस कार्यविधिमा

(क) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ।
(ख) "आयोजना" भन्नाले सौर्य विद्युत ऊर्जा उत्पादन वा प्रसारण सम्वन्धी आयोजना सम्झनु पर्छ।
(ग) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ।
(घ) "प्रवर्द्धक" भन्नाले कुनै सौर्य विद्युत ऊर्जा आयोजनाको व्यवसायिक उत्पादन तथा यस सँग सम्वन्धित प्रसारण अनुमतिपत्रका लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका वा सौर्य विद्युत ऊर्जा विकासको लागि विद्युत विकास विभागमा जानकारी गराएका व्याक्ति वा संस्थालाई सम्झनु पर्छ।
(ङ) "कार्यविधि" भन्नाले ग्रीड कनेक्टेड सौर्य विद्युत ऊर्जा विकास सम्वन्धी कार्यविधि, २०७४ सम्झनु पर्छ।
(च) "आधिकारीक व्याक्ति" भन्नाले प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न सञ्चालक समितिले तोकेको आधिकारीक व्याक्ति सम्झनु पर्छ।
(छ) "निर्देशिका" भन्नाले विद्युत आयोजनाको अनुमतिपत्र सम्वन्धी निर्देशिका,२०७३ सम्झनुपर्छ।

३. **सौर्य विद्युत ऊर्जाको वर्गिकरणः** सौर्य विद्युत ऊर्जाको वर्गिकरण देहाय बमोजिम गरिने छ:

(क) घरायसी (रुफटप) सौर्य विद्युत ऊर्जा
५०० वाट देखि १० कि.वा सम्म
(ख) संस्थागत सौर्य विद्युत ऊर्जा
१० कि.वा देखि माथि

(ग) व्यापारिक सौर्य विद्युत ऊर्जा
५०० कि.वा देखि माथि

४. **१ मे.वा सम्मका घरायसी, संस्थागत वा व्यापारिक सौर्य विद्युत ऊर्जा सम्वन्धमाः** (क) घरायसी (रुफटप) वा १ मे.वा भन्दा कम जडान क्षमताका संस्थागत वा व्यापारिक सौर्य ऊर्जालाई राष्ट्रिय ग्रीडमा जडान गर्न चाहने व्याक्ति वा संस्थाले नेपाल विद्युत प्राधिकरणमा निवेदन दिनु पर्नेछ।

(ख) नेपाल सरकारले उपलव्ध गराउने छुट तथा सुविधा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत उपलव्ध हुनेछ।

(ग) घरायसी (रुफटप) तथा संस्थागत सौर्य विद्युत ऊर्जा उत्पादन आयोजनामा इनर्जि गणना गर्न नेट इनर्जी मिटर जडान गरी गरिनेछ।

५. **१ मे.वा भन्दा ठूला क्षमताका सौर्य विद्युत ऊर्जा सम्वन्धमाः** (क) १ मे.वा भन्दा ठूला सौर्य ऊर्जा सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्न सबै प्रकारका सौर्य ऊर्जा प्रवर्द्धकले तोके वमोजिमको ढाँचामा विद्युत विकास विभागमा निवेदन दिनु पर्नेछ।

(ख) १ मे.वा र त्यसभन्दा माथिका व्यापारिक आयोजनाहरुको हकमा सर्वेक्षण अध्ययनको लागि एक वर्षको समयावधी दिइनेछ। उक्त समयसम्म आयोजनाको अध्ययन सम्पन्न हुन नसकेमा वढीमा थप १ वर्षको लागि सर्वेक्षण अनुमतिपत्रको म्याद नविकरण गरिनेछ।

(ग) उत्पादन तथा प्रसारण अनुमतिपत्र सम्वन्धी व्यवस्थाः

(१) १ मे.वा भन्दा ठुला जडित क्षमताका सौर्य ऊर्जा उत्पादन गर्न तथा प्रसारण गर्न सवै प्रकारका सौर्य ऊर्जा प्रवर्द्धकले तोके वमोजिमको ढाँचामा सर्वेक्षण अनुमतिपत्रको अवधि समाप्त हुन पूर्वनै विद्युत विकास विभागमा निवेदन दिनुपर्नेछ।

(२) उत्पादन अनुमतिपत्रको अवधि समाप्त भए पछि अनुमतिपत्रमा ब्यवस्था भएबमोजिम जडान भएका सम्पूर्ण उपकरण तथा पार्ट पुर्जाहरुको उचित ब्यबस्थापन प्रवर्द्धकले नै गर्नु पर्नेछ ।

(घ) उत्पादन तथा प्रसारण अनुमतिपत्र अवधि सम्वन्धी व्यवस्थाः

(१) व्यापारिक आयोजनाको हकमा उत्पादन अनुमतिपत्रको अवधि ३५ वर्षको हुनेछ।

(२) माथि वुँदा नं ५को (घ)(१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनाले उत्पादन अनुमतिपत्र प्राप्त गरेपछि दुई वर्ष भित्रमा विद्युत उत्पादन शुरु गरिसकेको हुनु पर्नेछ। कुनै कारणले सो अवधि भित्र आयोजना सम्पन्न हुन नसकेको स्थितिमा सम्पन्न हुन नसकेको स्पष्ट कारण सहित निवेदन दिनु पर्नेछ । समय थप गर्नुपर्ने औचित्य देखिएमा वढीमा एक वर्षको समय थप गर्न सकिनेछ।

६. **घरायसी (रुफटप) तथा संस्थागत सौर्य विद्युत ऊर्जा मिटरीङ सम्वन्धी व्यवस्थाः** घरायसी (रुफटप) तथा संस्थागत सौर्य विद्युत ऊर्जा उत्पादन आयोजनामा इनर्जि गणना गर्न नेट इनर्जी मिटर जडान गरिनेछ। घरायसी (रुफटप) तथा संस्थागत सौर्य विद्युत ऊर्जा उत्पादन आयोजनाले नेपाल विद्युत प्राधिकरणबाट लिएको इनर्जि भन्दा प्रणालीमा दिएको इनर्जि बढि भएमा बढि भएको इनर्जि वुँदा नं ७ को (ग) मा उल्लेख भएको दरमा भुक्तानि गर्ने छ । मिटरिङ सम्वन्धी व्यवस्था नेपाल विद्युत प्राधिकरणबाट तोकिए वमोजिम हुनेछ।

७. **विद्युत खरिद सम्वन्धी व्यवस्थाः** (क) नेपाल विद्युत प्राधिकरणबाट खरिद गरिने सौर्य विद्युत ऊर्जाको खरिद दर नेपाली मुद्रामा गरिनेछ।

(ख) लोड सेडिङ न्युनिकरण तथा ऊर्जा विकास दशक सम्वन्धी अवधारणा पत्रमा उल्लेख भए वमोजिम सौर्य विद्युत ऊर्जा खरिद Take or Pay को सिद्धान्तमा आधारित हुनेछ ।
(ग) व्यापारिक आयोजनाबाट खरिद गरिने सौर्य विद्युत ऊर्जाको इनर्जी (kWh) दर रु ७.३० हुने छ । यो दर अधिकतम तीन वर्ष भित्र विद्युत खरिद सम्झौता सम्पन्न हुने आयोजनाको लागि कायम हुनेछ ।
(घ) माथि वुँदा नं ७ को (ग) मा उल्लेख भएको इनर्जिको दर Run of River को औषत दरमा वार्षिक ३%ले ८ वटा अवधि समाहित गरी कायम गारिएकोले थप वार्षिक वृद्धि दिइने छैन ।

८. **अनुमतिपत्र दस्तुर सम्वन्धी व्यवस्था:** अनुमतिपत्र दस्तुर सम्वन्धी व्यवस्था प्रचलित नियम अनुसार हुनेछ।

९. **कर तथा अन्य छुट/सुविधा सम्वन्धी व्यवस्था:** कर छुट, भन्सार छुट तथा भ्याट छुट लगायतका अन्य छुट तथा सुविधाहरु प्रचलित नियम अनुसार हुनेछन्।

१०. **आयोजनाको लागि जग्गा तथा अन्य पूर्वाधार सम्बन्धी व्यवस्था :** आयोजनाको लागि आवश्यक जग्गा, बाटो, कनेक्सन प्वाईन्ट सम्म प्रसारण लाईन आदिको व्यवस्था प्रवर्द्धकले आफै गर्नु पर्ने छ ।सरकारी जग्गाको हकमा स्थानिय तहसंग समन्वय गरी उर्जा मन्त्रालयले सहजिकरण गर्ने छ ।

११. **कर तथा रोयल्टी सम्बन्धी व्यवस्था :** विद्युत ऐन तथा अन्य प्रचलित कानुनमा सौर्य विद्युतमा रोयल्टी सम्बन्धी व्यवस्था नभएकोले लाग्ने छैन तर अन्यकर प्रचलित नियम अनुसार लाग्नेछन् ।

१२. **विविध :** (क) सव-स्टेशनमा सम्भव भए सम्म Connection Bay का लागि आवश्यक ठाउ नेपाल विद्युत प्राधिकरणले निशुल्क उपलब्ध गराउनेछ ।

(ख) प्रणालिको कूल जडित क्षमताको १५% सम्म सौर्य विद्युत जडान गर्न विद्युत खरिद सम्झौता गरिनेछ ।
(ग) अन्य प्राविधिक मापदण्ड सम्वन्धी व्यवस्था नेपाल विद्युत प्राधिकरणबाट तोकिए वमोजिम हुनेछ। नेपाल विद्युत प्राधिकरणले प्राविधिक मापदण्ड लगाएतका आवश्यक विवरण यथाशिघ्र तयार गरि लागु गर्ने छ ।